फोन : ०१-५९७१३०७
वेबसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८२/८३
च.नं. MIT/६१३

केसरमहल, काठमाडौं, नेपाल
मितिः २०८२-०७-१४

e-GP प्रणाली प्रयोग सम्वन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत बिषयमा, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालनमा ल्याइएको विद्युतीय खरिद प्रणाली (e-GP System) मा बोलपत्रदाताहरुबाट अन्तिम समयमा मात्र Bid Submission र Modification गर्ने प्रचलन रहेको देखिन्छ । e-GP System अन्य समयमा सामान्य रुपमा चल्ने भएतापनि अन्तिम दुई घण्टाको समयमा प्रणालीको क्षमता भन्दा अत्याधिक चाप पर्ने गरेको कारणले गर्दा अन्तिम समयमा मात्र Bid Submit गर्दा Bid Submission Deadline छुट्ने जोखिम अत्याधिक रहन्छ । यसै समस्यासँग सम्वन्धित धेरै गुनासोहरु यस कार्यालयमा प्राप्त हुने गरेका छन्।

e-GP System को Server मा नै समस्या आएर कुनैपनि प्रयोगकर्ताको पहुँच हुन नसकेको खण्डमा मात्र सार्वजनिक खरिद अनुगमन कार्यालयले म्याद थप गर्ने गर्दछ। अन्तिम समयमा अत्याधिक चापका कारण System Slow भएकै आधारमा मात्रै PPMO द्वारा म्याद थप गर्न नमिल्ने अवस्था रहन्छ।

यस समस्यालाई मध्यनजर गर्दै सम्पूर्ण बोलपत्रदाताहरुलाई अन्तिम समयको जोखिम नलिन र समयमानै ठेक्का Submit गरेर ठेक्का प्रकृयामा सहभागी हुन अनुरोध गर्दछौं। यसका साथै अन्तिम समयमा माग हुने प्राविधिक सहायता प्रदान गर्नको लागि समस्या पहिचान गर्न नै समय अभाव हुने हुँदा प्राविधिक सहायताको लागि पनि समयमानै सम्पर्क गर्न हुन आग्रह गर्दछौं ।

कुनै सार्वजनिक निकायले अत्याधिक चापको कारण म्याद थप गर्न नसकेको अवस्थामा ठेक्काको म्याद समाप्त हुनु अगावै यस कार्यालयमा पत्र दर्ता गराई समयमानै फोन सम्पर्क मार्फत म्याद थपको लागी आवश्यक सहजिकरणको माग गर्न सकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउदछौं।

Subedi (07-14)
विशिखा सुवेदी
कम्प्युटर इन्जिनियर